मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## अनुमतिबिना सञ्चालित दुई निजि विद्यालय बन्द

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा बिना अनुमति सञ्चालनमा रहेका दुई वटा निजि विद्यालय बन्द गराइएको छ । जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा सञ्चालित बिना अनुमतिका दुई निजी विद्यालय बन्द गराइएको हो । जिल्ला शिक्षा समन्वय इकाईको अगुवाइमा शुक्रबार नगरपालिकाका प्रमुख विरेन्द्र माझी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत जितेन्द्र पासवानसहितको टोलीले दुई विद्यालय बन्द गराएको हो । नगरपालिकाको वडा नं. ५ स्थित आनन्द निजी शैक्षिक गुठी र वडा नं. ७ स्थित आरपी मेमोरियल स्कुल बन्द गराइएको छ । यी दुबै विद्यालयले कक्षा १ को अनुमति लिएर ८ कक्षासम्म सञ्चालन गर्दै आएको पाइएको शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख शशी यादवले जानकारी दिए । उनका अनुसार उच्च अदालत जनकपुर, राजविराज इजलासले १९ बैशाखमा अनुमति पाएको भन्दा माथिल्लो कक्षामा
भर्ना नगर्न अन्तरिम आदेश दिएपछि फैसला कार्यान्वयन गराउने क्रममा उक्त विद्यालयहरु सूचना टाँस गरेर बन्द गर्न लगाइएको छ । आगामी दिनमा अनुमति पाएको भन्दा बढी कक्षा सञ्चालन गरे शिक्षा ऐन अनुसार थप कार्वाहीको भागिदार बन्ने भन्दै ती विद्यालय सञ्चालकले सहीछाप समेत गरेको यादवले बताए ।

वर्ष ३ | अंक २०४ | २०८२ साल जेष्ठ २४ गते शनिवार | Saturday 07, June 2025 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ६:५७ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# मधेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक

## ‘समृद्ध मधेश, समृद्ध राष्ट्रको आधार’ नारासहित दुई दर्जन अभियान सञ्चालन हुने



**लालबाबु राउत**
पूर्वमुख्यमन्त्री
‘नीति कार्यक्रम नारामुखी छ, कार्यान्वयनको सम्भावना फितलो देखिन्छ’



**सरोजकुमार यादव**
पूर्वमुख्यमन्त्री
‘नारा धेरै छन् । तर, जनताका आवश्यकता सम्बोधन गर्ने ठोस कुरा छैन’



**रहबर अन्सारी**
नेता (माओवादी केन्द्र)
‘कार्यान्वयनमा शंका भए पनि केही सकारात्मक पक्ष देखिन्छ’



**बेची लुगंली**
नेतृ (नेकपा एकीकृत समाजवादी)
‘महिला सशक्तिकरण भनिए पनि वास्तविक आवश्यकताहरू छुटेका छन्’



**सरोज कुमार यादव**
मन्त्री तथा एमाले संसदीय दलका नेता
‘नीति कार्यक्रम जनआकांक्षामा आधारित छ, बजेट यही आधारमा आउँछ’

**दिपक कर्ण\वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२\८३ का लागि बहुआयामिक योजना, नारामूलक अभियान र समावेशी कार्यक्रमहरू समेटिएको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । शुक्रबार मधेश प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा प्रदेश सरकारले ‘समृद्ध मधेश, समृद्ध राष्ट्रको आधार’ भन्ने मूल मार्गदर्शक सिद्धान्त अनुरूप आर्थिक, सामाजिक र पूर्वाधार विकासका कार्यक्रम अघि सारेको छ । यस वर्ष सरकारले ‘उत्पादन मधेशमा, विस्तार देशमा’, ‘मधेशको शान, स्थानीय मखान’, ‘आँपको बगैंचा, मधेशको समृद्धि’, ‘खेत–खेतमा पानी, घर–घरमा खाद्यान्नसहित आम्दानी’, ‘श्रमिकलाई सवारी, घर–घरमा रोजगारी’, ‘हर हातमा सीप, हर घरमा रोजगार’, ‘बेटी जिन्दावाद’, ‘घुमौं मधेश, बुझौं मधेश’, ‘चुरे जोगाऔं, मधेश बचाऔं’, ‘हरित शहर, स्वच्छ शहर’ लगायत दुई दर्जनभन्दा बढी अभियानको



घोषणा गरेको छ । नीति तथा कार्यक्रममा कृषिलाई मधेशको अर्थतन्त्रको मेरुदण्ड मानेर आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न योजना अघि सारिएको छ । विशेषगरी मखान खेतीको विस्तार, प्रशोधन, प्याकेजिङ, लेबलिङ र ब्राण्डिङमा सरकारले प्रोत्साहन दिने बताइएको छ । भूमिगत सिँचाइ क्षेत्र विस्तार, कृषि मिटर र सोलार पम्पमा अनुदान, अधुरो शीत भण्डारको निर्माण सम्पन्नजस्ता कार्यक्रम पनि समावेश छन् । नीति तथा कार्यक्रममा मातृ शिशु स्वास्थ्य प्रवद्र्धन, सम्पूर्ण खोप कार्यक्रम, कुपोषण न्यूनीकरण, सुरक्षित मातृत्वको प्रत्याभूति तथा शिक्षा क्षेत्रमा गुणस्तरीय विस्तारलाई प्राथमिकतामा राखिएको छ । ’बेटी पढाउ, बेटी बचाउ’ अभियानलाई ‘मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ’ कार्यक्रममार्फत निरन्तरता दिइने जनाइएको छ भने नयाँ रूपमा ‘बेटी जिन्दाबाद’ अभियान सञ्चालन गरिनेछ । ‘हर हातमा सीप, हर घरमा रोजगार, सीपयुक्त युवा, समृद्ध मधेशका आधार’ नारासहित पहिलो चरणमा एक लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । प्रदेश सरकारले स्टार्टअप, इनोभेसन, र ईन्कुबेसन सेन्टर स्थापना गर्ने र ‘साइन्स एण्ड टेक्नोलोजी इनोभेशन क्लस्टर’ अन्तर्गत ‘स्पेस एण्ड कम्युनिकेसन सेन्टर’ सञ्चालन गर्ने नीति लिएको छ । ‘घुमौं मधेश, बुझौं मधेश’ नारालाई आत्मसात गर्दै मधेश भ्रमण वर्ष २०८३ को घोषणा गरिएको छ । यसका अतिरिक्त ‘मधेश लगानी सम्मेलन’, ‘ट्राभल समिट’ तथा ‘डायस्पोरा समिक्षत’ कार्यक्रमहरू आयोजना गरी लगानी आकर्षण गर्ने योजनासमेत नीति दस्तावेजमा उल्लेख छ । गुनासो, सुझाव तथा समस्या समाधानका लागि ‘हेल्लो मुख्यमन्त्री’ अभियानलाई प्राथमिकता दिइने बताइएको छ । यसबाट जनतासँग प्रत्यक्ष संवाद गर्दै सरकारको जवाफदेहिता र सेवा प्रवाह सुधार गर्ने सरकारको उद्देश्य छ । प्रदेश प्रमुख भण्डारीले प्रस्तुत गरेको नीति दस्तावेजमा सामाजिक न्याय, आर्थिक समावेशिता, पूर्वाधार सुदृढीकरण, विपद् व्यवस्थापन, हरित विकास र नवप्रवर्तनलाई प्राथमिकतामा राख्दै दीगो विकास लक्षित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन हुने उल्लेख छ । यो नीति तथा कार्यक्रम मधेश प्रदेशलाई आत्मनिर्भरता, नवप्रवर्तन र समावेशीतामा आधारित समृद्ध प्रदेशको रूपमा उभ्याउने लक्ष्यसहित तयार गरिएको सरकारको दाबी छ ।

## नारै नाराले भरिएको एनजिओनिष्ट नीति कार्यक्रम

मधेश प्रदेश सरकारले ल्याएको प्रदेशको नीति तथा कार्यक्रमलाई विपक्षी दलहरुले नारामा मात्रै केन्द्रित र नारामुखि नीति कार्यक्रम आएको बताएका छन् । तर, सत्ता पक्षले भने नीति कार्यक्रमलाई परिणाम दिने खालको जनताको आवश्यकता पहिचान गरि आएको बताएका छन् । नीति कार्यक्रमको विषयमा सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले नीति कार्यक्रममा बढि नाराहरु केन्द्रित रहेको र महत्वपुर्ण कुरा कार्यान्वयनमै रहेको बताउँदै कार्यान्वयन हुने सम्भावना निकै फितलो रहेको बताए । उनले भने, ‘नीति कार्यक्रमलाई टेकेर बजेट आउँछ भने त्यो राम्रो कुरा होला । तर, अहिले केवल नारामा मात्रै केन्द्रित देखिएको छ । राउतले नीति कार्यक्रममा केही सकारात्मक पक्षहरु समेत रहेको बताउँदै महिला सशक्तिकरण, बेटी सशक्तिकरण जस्ता अभियानले मधेशको विकासमा राम्रो प्रभाव पार्ने बताए । त्यसैगरि जसपा नेपालका संसदीय दलका नेता एवम् मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले नारा धेरै रहेपनि अरु महत्वपुर्ण कुरा केही पनि नरहेको जिकिर गरे । उनले पुरानै कुरालाई बढि प्राथमकिता दिएको बताउँदै नारा अनुसारले बजेट जति आउँदा समेत पुरा नहुने अवस्था रहेकोले नीति कार्यक्रमले एक किसिमले जनतालाई भ्रमित र बढि प्रचारमुखि मात्रै रहेको बताए ।

त्यसैगरि माओवादी केन्द्रका नेता रहबर अन्सारीले समेत नारा बढि रहेको बताउँदै कार्यान्वयनमा आफुहरुलाई शंका रहेको जिकिर गरे । तरपनि केही कुराहरुले नीति कार्यक्रम सकारात्मक देखिएको उनले बताए । नेकपा एकिकृत समाजवादी पार्टीका नेतृ बेची लुगंलीले समेत नीति कार्यक्रममा नारा र परम्परतागत बाहेक केही पनि नरहेको बताइन् । उनले महिलहरुको कुरा गरिएपनि यसमा धेरै कुरा छुटेको जिकिर गरिन् ।

यता सत्ता पक्षका नेकपा एमालेका संसदीय दलका नेता एवम् प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री सरोजकुमार यादवले सरकारमा सहभागी रहेको दलहरु बिचमा संवाद र छलफलबाट नीति तथा कार्यक्रम आएको र यसैलाई टेकेर बजेट आउने बताउँदै जनआकांक्षामा आधारिक रहेको दाबी गरे ।

## मैथिली विकास कोषको भवन उद्घाटन गर्दै देउवाले भने
## ‘भवनजस्तै गौरवपूर्ण बनोस् मैथिलीको उन्नति’

मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधाममा नवनिर्माण सम्पन्न ‘मैथिली विकास कोष’को भवन उद्घाटन गर्दै नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले केवल भौतिक पूर्वाधारमा सीमित नरही मैथिली भाषा, कला, साहित्य र परम्पराको जगेर्ना गर्ने ‘कर्मशील केन्द्र’का रूपमा यस भवनको उपयोग गर्न आग्रह गरेका छन् । मधेश प्रदेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको ७ करोड रुपैयाँको लागतमा निर्माण भएको भवन शुक्रबार एक विशेष समारोहबीच




उद्घाटन गरिएको हो । सो अवसरमा सभापति देउवाले भने, ‘भवन मात्रै ठूला बनाउँदा पर्याप्त हुँदैन । यो भवन ज्ञान, शिप, भाषा र संस्कृति सँग जोडिएको केन्द्र बन्नुपर्छ । मैथिली भाषा र संस्कृतिको संरक्षण तथा प्रवद्र्धन यहाँबाट शुरु होस् ।’ मैथिली भाषा नेपालको संविधानद्वारा मान्यता प्राप्त राष्ट्रिय भाषा भएको उल्लेख गर्दै देउवाले राज्यस्तरबाट यसको संरक्षण र विकासका लागि ठोस पहल आवश्यक रहेको धारणा राखे । ‘यो भवन केवल ईँटा र सिमेन्टको संरचना मात्र होइन,’ देउवाले भने, ‘यो भवन साहित्यिक गोष्ठी, सांस्कृतिक अभ्यास, भाषा अनुसन्धान र सामाजिक संवादका लागि एक सशक्त थलो बनोस् ।’ उनले मैथिली विकास कोषलाई ‘सक्रिय संस्था’को रुपमा उभिन प्रेरणा दिने किसिमले भवन सञ्चालन गर्न सुझाव दिए । सभापति देउवाले आफ्नो मन्तव्यमा मधेश प्रदेशको नामकरण सम्बन्धमा पनि धारणा राख्दै भने, ‘म सधैं जनक र जानकी प्रदेश नाम राख्ने पक्षमा छु ।’ उनले राजा जनकलाई केवल

बाँकी पृष्ठ ३ मा

## गहवामाई रथयात्राका लागि विशेष क्षमा याचना पूजा आरम्भ

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदामध्ये एक मानिने श्री गहवामाई मन्दिरमा आगामी असार १३ गते भव्य रथयात्रा आयोजना हुने भएको छ । श्री गहवामाई तीर्थ क्षेत्र विकास समितिको आयोजनामा हुने यस वर्षको रथयात्रालाई अझ भव्य र व्यवस्थित बनाउन तयारीहरू तीव्र पारिएको छ । विगत दुई वर्षदेखि नियमित रूपमा आयोजना हुँदै आएको गहवामाईको रथयात्रा सनातन धर्म, संस्कृति र आस्थाको गहिरो प्रतीकका रूपमा स्थापित हुँदै आएको छ ।
यस वर्ष पनि हजारौं श्रद्धालु भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको आयोजक समितिले जनाएको छ । समितिका अनुसार शुक्रबारदेखि विशेष क्षमा याचना पूजा आरम्भ गरिनुका साथै रथको मरम्मत तथा सजावटको कार्य औपचारिक रूपमा शुरु गरिएको छ । समितिले रथलाई परम्परागत शैलीमा आकर्षक बनाउँदै रथयात्रा मार्गको व्यवस्थापनमा समेत ध्यान दिइरहेको जानकारी दिएको छ । आयोजकले स्थानीय बासिन्दा, भक्तजन तथा सम्पूर्ण श्रद्धालुहरूलाई यो धार्मिक उत्सवमा सक्रिय सहभागिता जनाउन आह्वान गर्दै यसलाई मधेसको गौरवशाली धार्मिक परम्पराको अभिव्यक्तिका रूपमा प्रचार गर्दै आएको छ । शान्ति, सद्भाव र धार्मिक चेतनाको प्रसार गर्ने उद्देश्यले सञ्चालन हुने रथयात्रामा सहभागी भक्तजनलाई व्यवस्थित सुरक्षा, स्वास्थ्य र सेवा सुविधा उपलब्ध गराउने तयारी समेत समिति र स्थानीय प्रशासनको संयोजनमा भइरहेको छ ।

# डाँका समूहद्वारा परिवारका एक सदस्यको गोली हानी हत्या, एक गम्भीर घाइते

**मनोज माझी**
**सप्तरी ।**



सप्तरीको सुरुङ्गा नगरपालिका–८ मल्हनमा टोलमा डकैती गर्न आएका डाँका समूहविरुद्ध
प्रतिकारमा उत्रेका एक जना घरबेटीको निर्मम ढंगले हत्या गरिएको छ । प्रतिकारका क्रममा
अर्का एक जना गम्भीर घाइते भएका छन् । बिहीबार मध्यराती १ बजेतिर कन्तलाल चौधरीको घरमा हतियारसहित आएको ५\६ जनाको डाँका समूहले लुटपाट गर्दै गरेका बेला प्रतिकार गर्न खोज्दा उनको गोली र घरेलु हतियार प्रहार गरि हत्या गरिएको प्रहरीले जनाएको छ । गोली र खुकुरी प्रहारबाट गम्भीर घाइते भएका ५६ वर्षीय चौधरीलाई उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषित गरेका थिए । उनको शव अहिले
पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याई पुर्याइएको
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । डाँकाको प्रतिकारका क्रममा मृतकको काकाका छोरा ४० वर्षीय रमाकान्त चौधरी गम्भीर घाइते भएका छन् । उनको लहानस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी
दिएको छ । हतियारसहित आएका डाँकाहरु घरमा प्रवेश गरि दराजहरु फुटाउन थालेपछि परिवारका सदस्यहरु प्रतिकारमा उर्लिँदा भएको हो–हल्ला सुनेर छेउमै रहेको घरबाट आएका रमाकान्त चौधरीमाथी समेत डाँका समूहले घरेलु हतियारबाट अन्धाधुन्द आक्रमण गरेको छिमेकीहरुले बताएका छन् । विद्युत गएको तथा चर्को गर्मीका कारण घरका एक महिला सदस्यबाहेक परिवारका अन्य सबै सदस्य आंगनमा खाट राखी झुल लगाएर सुतिरहेका बेला अचानक आइपुगेका डाँका समूहले हतियार देखाउँदै सबभन्दा पहिले घरधनीसँग दराजहरुको साँचो खोसेर लुटपाट शुरु गरेको वडाअध्यक्ष श्यामदेव साहले बताए । प्रहरीका अनुसार चौधरीको घरबाट ५ तोला सुनको गरगहना, २ किलो चाँदीका गरगहना, नगद ५५÷६० हजार र अन्य केही सरसामान लुटपाट भएको छ । घटनास्थलबाट प्रहरीले एउटा गोली खोका र तीन वटा गोली समेत बरामद गरेको छ । घटनाको खबर पाएपछि पुगेको प्रहरी टोलीले तालिम प्राप्त कुकुर समेतको प्रयोग गरेको छ ।
कुकुरले गरेको संकेत समेतलाई अनुसन्धानको पाटोमा राखेर घटनाको अनुसन्धान तथा फरार डाँकाको खोजी कार्य व्यापक बनाइएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए ।

# ‘मधेश लगानी सम्मेलन’ र ‘डायस्पोरा समिट’ आयोजना गर्ने योजना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आगामी वर्षमा लगानी र पर्यटनको क्षेत्रमा ठुलो पहल गर्दै ‘मधेश लगानी सम्मेलन’ र ‘डायस्पोरा समिट’ आयोजना गर्ने योजना बनाएको छ । शुक्रबार मधेश प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा प्रदेश सरकारले मधेश प्रदेशका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका प्रमुख पर्यटकीय स्थलहरूको विकास र प्रचारमा प्रदेश सरकारले विशेष योजना बनाएको उल्लेख छ । यस योजना अन्तर्गत पर्यटनको क्षेत्रको समग्र विकास र प्रवर्द्धन गरिनेछ । यसका लागि नयाँ पूर्वाधार निर्माण, सुविधा विस्तार, र स्थानिक कला तथा संस्कृतिको संरक्षणको लागि पहल गरिनेछ । मधेश प्रदेशका धार्मिक र ऐतिहासिक स्थलहरूमा प्रमुख स्थान रहेको जनकपुरधामको पर्यटनको प्रवर्धनमा विशेष ध्यान दिइने उल्लेख छ । जनकपुरधामलाई देशको गौरवका रूपमा प्रस्तुत गर्दै यहाँको धार्मिक र सांस्कृतिक महत्त्वलाई अझै बढी विस्तार गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू आयोजना गरिनेछन् । यसका साथै, जनकपुरधामलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रमुख पर्यटन स्थलको रूपमा प्रस्तुत गरिनेछ । मधेश प्रदेशको पर्यटन र लगानी क्षेत्रको समृद्धि लागि ‘मधेश लगानी सम्मेलन’ र ‘डायस्पोरा समिट’ जस्ता कार्यक्रमहरूको आयोजना गर्ने योजना तयार गरिएको छ । यस सम्मेलनमा, देश र विदेशका लगानीकर्तालाई प्रदेशमा लगानीको अवसरका बारेमा जानकारी दिइनेछ । साथै, विदेशी पर्यटकलाई आकर्षित गर्नका लागि विभिन्न परियोजनाहरू प्रस्तुत गरिनेछन् । यसले प्रदेशको समग्र अर्थव्यवस्थामा सकारात्मक प्रभाव पार्ने उल्लेख छ । मधेश प्रदेशका प्रमुख पर्यटकीय स्थलहरूको पहिचान गरी तिनका पूर्वाधारमा सुधार र निर्माणका कार्यहरू गरिनेछन् । यसका लागि होटल, रेस्टुरेन्ट, यातायात र अन्य आवश्यक सुविधाहरूको विस्तार र सुधारमा विशेष ध्यान दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । मधेश प्रदेशको समृद्धि र विकासका लागि यी कार्यक्रमहरूले विशेष योगदान पुर्याउनेछन् । कृषिमा नवप्रविधिको प्रयोग, पर्यटन क्षेत्रमा सुधार, र आधारभूत संरचनाको विकासले प्रदेशमा रोजगारका अवसरहरू सिर्जना गर्नेछन् । यसले मधेश प्रदेशको सामाजिक र आर्थिक विकासमा ठूलो भूमिका निभाउने छ ।

# शिक्षा क्षेत्रमा उत्कृष्ट कार्यको लागि मौलापुरकी मेयर सम्मानित



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साहलाई शिक्षा क्षेत्रमा गरेको उत्कृष्ट कार्यका लागि सम्मानित गरिएको छ । उनलाई शुक्रवार पोखरामा आयोजित एक समारोहमा ‘प्यान उत्कृष्ट नगरपालिका २०८२ पुरस्कार’ बाट सम्मानित गरियो । समारोहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले मेयर साहलाई पुरस्कार प्रदान गरे । यो पुरस्कार सामुदायिक विद्यालयका
प्रधानाध्यापकहरूको संस्था पानुको दोस्रो राष्ट्रिय सम्मेलनको अवसरमा प्रस्तुत गरिएको हो । मौलापुर नगरपालिका शिक्षाको मापदण्डमा मधेश प्रदेशमै उत्कृष्ट नगरपालिका मानिएको छ । यस नगरपालिका शैक्षिक सुधारमा निरन्तर काम गर्दै विभिन्न पहलहरूलाई अघि बढाइरहेको छ । यसले विद्यार्थीहरूको शिक्षा स्तरलाई सुधार्न ठूलो योगदान पुर्याएको छ । मेयर साहले पुरस्कार ग्रहण गर्दा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको सहकार्यको प्रशंसा गर्दै यस उपलब्धि प्राप्त गर्नमा सबैको योगदान रहेको बताइन् । उनले सबैप्रति कृतज्ञता व्यक्त गर्दै यस कार्यलाई निरन्तरता दिन प्रतिबद्धता जनाइन् । मौलापुर नगरपालिका बालिकाहरूको शिक्षा क्षेत्रमा विशेष ध्यान दिँदै निःशुल्क साइकल वितरणको आयोजना गर्दै आएको छ । यसका अतिरिक्त, उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई ल्यापटप वितरण गर्ने कार्यक्रम पनि सञ्चालन गरिएको छ ।

# प्रजातन्त्रवादी चिकित्सक संघको प्रदेश अधिवेशन सम्पन्न, डा. मिशा सचिवमा निर्वाचित




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेस निकट प्रजातन्त्रवादी चिकित्सक संघ (डेमोक्र्याटिक डक्टर्स एसोसिएसन, डीडीए) को प्रथम मधेश प्रदेश अधिवेशन शुक्रबार जनकपुरधाममा भव्य रूपमा सम्पन्न भएको छ । अधिवेशनबाट डा. मिशा महासेठ मधेश प्रदेश सचिव पदमा निर्वाचित भएकी छन् । जनकपुरधाममा सम्पन्न उक्त अधिवेशनमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्य रहेको थियो । त्यसैगरी, पूर्वउपसभापति विमलेन्द्र निधि विशिष्ट अतिथिको रूपमा सहभागी थिए । कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता कृष्णप्रसाद सिटौला, सहमहामन्त्री महेन्द्र यादव, नेता आनन्द ढुंगाना, मधेश प्रदेश कांग्रेसका सभापति कृष्णप्रसाद यादवलगायतको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि देउवाले चिकित्सा क्षेत्रको सुधार र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न चिकित्सकहरूको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । उनले भने, ‘स्वास्थ्य सेवा जनताको आधारभूत अधिकार हो ।
यस अधिकारलाई कार्यान्वयन गर्न चिकित्सकहरूले लोकतान्त्रिक चेतनाका साथ काम गर्नुपर्छ ।’ डीडीएको अधिवेशनबाट डा. मिशा महासेठ प्रदेश सचिव पदमा निर्वाचित भएकी छन् । महासेठको निर्वाचनलाई नेताहरूले योग्य व्यक्तिको योग्य ठाउँमा जिम्मेवारी मिलेको टिप्पणी गरेका छन् । डा. महासेठ लामो समयदेखि स्वास्थ्य क्षेत्रमा सक्रिय छन् । उनी सामाजिक कार्यमा समेत सक्रिय रूपमा संलग्न रहिआएकी छन् । नेता विमलेन्द्र निधिले लोकतन्त्र र जनताको पक्षमा क्रियाशील चिकित्सकहरूको संगठनले अब प्रदेश स्तरमै जनस्वास्थ्य अभियानलाई सशक्त बनाउने अपेक्षा गरिएको बताए । उनले नयाँ नेतृत्वलाई शुभकामना दिँदै सामाजिक उत्तरदायित्वप्रति सचेत रहन आग्रह गरे । कार्यक्रममा बोल्दै डा. महासेठले आफूलाई दिइएको जिम्मेवारीलाई निष्ठापूर्वक र सक्रियतापूर्वक निर्वाह गर्ने बताइन् । अधिवेशनले प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप संगठनलाई सशक्त बनाउने निर्णय पनि गरेको छ ।

# वीरगंजमा अव्यवस्थित तार हटाइयो ८ सय किलो तार संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१६ अन्तर्गत रजत जयन्ती चोकदेखि मितेरी पुलसम्म फैलिएका वर्षौंदेखिका अव्यवस्थित तथा जोखिमपूर्ण विद्युतीय र सञ्चार तारहरू अन्ततः हटाइएका छन् । नगरको सौन्दर्य र नागरिक सुरक्षालाई ध्यानमा राख्दै शुरु गरिएको उक्त अभियान सफलतापूर्वक सम्पन्न भएको छ ।
नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी, नगर प्रहरी, नेपाल प्रहरी र महानगरपालिकाका मालीसहित १२ सदस्यीय संयुक्त टोलीले दुई किलोमिटरभन्दा बढी दूरीमा झुन्डिएका तारहरू हटाएको हो । अभियानको क्रममा संकलन गरिएका करिब ८ सय केजी तारलाई सुरक्षित रूपमा महानगरपालिकाको जिम्मामा राखिएको जानकारी अधिकारीहरूले दिएका छन् । महानगरका प्रवक्ताका अनुसार यो अभियानले शहरी सौन्दर्यमा सुधार ल्याउनुका साथै आगलागी तथा अन्य दुर्घटनाको सम्भावना घटाउने र विद्युतीय सेवा सुरक्षित तथा भरपर्दो बनाउन महत्वपूर्ण योगदान पुर्याउने छ । महानगरपालिकाले आगामी दिनमा अन्य वडाहरूमा समेत यस्ता अव्यवस्थित तार व्यवस्थापन गर्ने तयारी गरिरहेको जनाएको छ ।

# पूर्वमन्त्री अनिल झाविरुद्ध जालसाजी मुद्दा दर्ता

मधेशदृष्टि
जनकपुरधाम ।
नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो र पार्टीका २१ जना केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले पूर्व उद्योगमन्त्री अनिल कुमार झा र पार्टीका केन्द्रीय महासचिव सरस्वती कुमारी झाविरुद्ध जालसाजीको मुद्दा दर्ता गरेका छन् । धनुषा जिल्ला अदालतमा दर्ता भएको उक्त मुद्दामा झा र कुमारी झाले पार्टीको आन्तरिक निर्णयलाई तोडमोड गर्दै किर्ते कागजात तयार पारेर निर्वाचन आयोगमा निवेदन दर्ता गराएको आरोप लगाइएको छ ।

मुद्दा कस्तो छ ?

२०८२ सालको वैशाख महिनामा नेपाल सद्भावना पार्टीको आन्तरिक विवाद बाहिर आएको छ । २१ जना केन्द्रीय पदाधिकारी र सदस्यहरूले पूर्व उद्योगमन्त्री अनिल कुमार झा र महासचिव सरस्वती कुमारी झाविरुद्ध जालसाजीको आरोप लगाउँदै अदालतमा मुद्दा दर्ता गरे । उनीहरूका अनुसार झा र कुमारी झाले पार्टीको बैठकको मिति र निर्णयलाई झूटो प्रस्तुत गर्दै निर्वाचन आयोगमा पदाधिकारीहरूको सूची दर्ता गराएका थिए । २०८१ सालको चैत ९ गते नेपाल सद्भावना पार्टीको बैठकमा केन्द्रीय पदाधिकारीहरूबीच कुनै निर्णय नगरिएको दाबी गरिएको छ । झाले उक्त मितिको बैठकलाई आधार मानेर पदाधिकारीहरूको नाम सूची बनाई उनीहरूको नाममा कागजात तयार गरी निर्वाचन आयोगमा दर्ता गराएका थिए । यसले पार्टीको आन्तरिक संरचनामा गलत जानकारी दिएको आरोप लगाइएको छ । निवेदकहरूले झा र कुमारी झालाई पार्टीको आन्तरिक विवादलाई आफ्नो फाइदाका लागि झूटो कागजात तयार गरि निर्वाचन आयोगमा पेश गरेको भन्दै मुलुकी अपराध संहिता २०७४ को दफा २७९ बमोजिम हदैसम्मको सजायको माग गरेका छन् । नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले यस मुद्दाको बारेमा भने, ‘यो मुद्दा पार्टीका आन्तरिक विवादसँग सम्बन्धित छ । अदालतमा तारेख पाइएको छ । हामी न्यायप्रणालीमा विश्वास राख्छौं ।’ यता, पूर्व उद्योगमन्त्री अनिल कुमार झाले भने यस मुद्दामा आफूलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिएका छन् । उनले भने, ‘अदालतमा मुद्दा दर्ता भएको हो भने त्यस च्यानलबाट जानकारी आउँछ । अहिलेसम्म कुनै जानकारी छैन ।’

# ट्राफिक सप्ताहको दोस्रो दिन जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्सा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको संयुक्त आयोजनामा सञ्चालन भइरहेको ट्राफिक सप्ताह २०८२ अन्तर्गत दोस्रो दिन पनि वीरगंजमा जनचेतनामूलक कार्यक्रमहरूमार्फत सडक सुरक्षाका सन्देश फैलाइएको छ ।
कार्यक्रमको नेतृत्व जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले गरेका थिए । वीरगंजको अस्थायी ट्राफिक प्रहरी पोस्ट गण्डक, बसपार्क ट्राफिक पोस्ट लगायतका क्षेत्रमा आयोजित कार्यक्रममार्फत
नागरिकहरूलाई ट्राफिक नियमबारे जानकारी दिइएको थियो । कार्यक्रम अन्तर्गत सवारी चालक र यात्रुहरूलाई पर्चा वितरण, सचेतनामूलक स्टिकर टाँस्ने कार्य र ट्राफिक नियमको व्यवहारिक ज्ञान प्रदान गरिएको छ । विद्यालयस्तरमा समेत सहभागिता बढाउँदै विद्यार्थी र शिक्षकलाई सवारी सुरक्षाको महत्त्वबारे जानकारी गराइएको थियो । प्रहरी निरीक्षक भट्टका अनुसार ट्राफिक सप्ताहको अवसरमा आगामी दिनहरूमा वीरगंजका विभिन्न क्षेत्रमा थप सडक सुरक्षा सचेतना अभियानहरू सञ्चालन गरिने छ । प्रहरी कार्यालयले नागरिकको सहभागिता र सहकार्यमार्फत सुरक्षित र अनुशासित यातायात प्रणाली विकास गर्न ट्राफिक सप्ताहलाई अवसरका रूपमा लिएको जनाएको छ ।

# विभिन्न ११ बुँदे माग राख्दै कामकाज छाडेर कर्मचारी आन्दोलनमा

**मधेशदृष्टि**
**सप्तरी ।**
आफ्नै सहकर्मी दुई कर्मचारीलाई कारवाहीसहित विभिन्न ११ बुँदे माग राखेर आन्दोलनरत राजविराज नगरपालिकाका कर्मचारी शुक्रबार कामकाज ठप्प पार्दै धर्नामा बसेका छन् । नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाई समिति राजविराज नगरपालिकाकी अध्यक्ष कल्पना देवको अगुवाईमा कर्मचारीहरु यसरी धर्नामा बसेका हुन् । कर्मचारीहरु कामकाज छाडेर धर्नामा बसेपछि नगरपालिकाको कामकाज प्रभावित बन्न पुगेको छ । कर्मचारीहरुले कानुन सम्मत निर्णयलाई उल्टाएर मनमरी र एकलौटी ढंगले काम गर्ने प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साह तथा योजना अधिकृत मनोज कुमार यादवलाई कारवाही तथा सरुवा गर्नुपर्ने प्रमुख माग उठाएका छन् । यसअघि इकाई समितिले नगरपालिका प्रशासनलाई ११ बुँदे मागसहितको ज्ञापनपत्र समेत बुझाएको थियो । तर, उक्त ज्ञापनपत्र उपर कुनै पहल नभएको भन्दै कर्मचारीहरुले धर्नामा बस्नु परेको बताएका छन् । उनीहरुले १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनियर अशोक कुमार दासलाई कार्यपालिकाको निर्णय बगैर एकलौटी ढंगले प्रमुख प्रशासकिय अधिकृत डा. साहले करार सम्झौता भंग गरेको निर्णय फिर्ता लिनु पर्ने, गत श्राव २०८०\०८१ मा वडा कार्यालयमा काम गरेबापत दैनिक ज्यालादारी कर्मचारीको बाँकी रहेको १६ दिनको तलब अविलम्ब भुक्तानी गर्नुपर्ने, कर्मचारीको दुर्घटना बिमाको व्यवस्था तथा निमित्त प्रमुख प्रशासकिय अधिकृत बरिष्ठतम कर्मचारीलाई मात्र दिनु पर्ने लगायतका माग अघि सारेका छन् । कर्मचारीहरुद्वारा घोषित आन्दोलन कार्यक्रम अनुसार जेठ २५ गते प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा तालाबन्दी तथा जेठ २८ गतेदेखी असार १ गतेसम्म अतिआवश्यक सेवा बाहेक सबै कामकाज बन्द गरी धर्नामा बस्ने कार्यक्रम रहेको छ । त्यसपछि पनि माग सम्बोधन नभए दोस्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने ज्ञापनपत्रमा उल्लेख छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन